परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा
कार्यालय देवकोटा चौक
विराटनगर

❑ वर्ष ८ ❑ अंक १ २०७६ श्रावन ५ गते आईतवार Sunday 21, JULY, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

अविरल वर्षको बाढी पहिरोले प्रदेश नं.१ मा एकाईसका मृत्यु ६ हजार घरपरिवार विस्थापित

विराटनगर । अविरल वर्षाको कारण प्रदेश नं. १ मा आएको वाढी पहिरोमा परी एकाईस जनाको ज्यान गएको छ भने छ हजार भन्दा वढी घरवाट विस्थापित भएका छन् ।

त्यसैगरी साही वाढी पहिरोमा परी १६ जना घाईते भएका छन् भने ९ जना बेपत्ता भएका छन् । सबै भन्दा बढी प्रभावित जिल्ला भोजपुर, खोटाङ, ओखलढुङ्गा, मोरङ, सुनसरी र झापा रहेका छन् ।

वाढी पहिरोवाट मोरङमा ४ जना, झापामा ३ जना, पाँचथरमा १ जना, खोटाङमा ३ जना, भोजपुरमा ५ जना, ओखलढुङ्गामा ५ गरी २१ जनाको ज्यान गएको छ ।

मोरगमा विराटनगर महानगर पालिकाको पूर्व सिघिंया खोला र पश्चिम केशलिया खोलाको वाढीले घरहरु डुवानमा परेका थिए । त्सैगरी मिक्लाजुङ, रतुवामाई बढी प्रभावित छन् भने कटहरी र जहदा गाउँपालिका तथा बुढीगंगा गाउँपालिका पनि प्रभाबित रहेको थियो । त्यस्तै सुनसरीको भोक्राहा, नरसिंह र ईनरुवा नगरपालिका प्रभाबित देखिएका थिए । झापामा भने मेचीनगर बढी प्रभाबित रहेको थियो ।

भोजपुरमा पनि वाढीवाट जनताहरु प्रभाबित भएका थिए । भोजपुर सदरमुकाम जोड्ने सडक अबरुद्ध भएको थियो ।

वांकी अन्तिम पेजमा...

नोबेलमा सफलता पूर्वक मुटुको शाल्यक्रिया

बिराटनगर । नोबेल शिक्षण अस्पतालले 'ओपन हार्ट सर्जरी' अर्थात छाती चिरेर गरिने मुटुको शल्यक्रिया सेवा सुरु गरेको छ । अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको व्यवस्था मिलाएर नोबेलमा मुटुको अप्रेशन गर्न थालिएको छ ।

सुरुवातमा तीन जना बिरामीको सफलतापुर्वक मुटुको शल्यक्रिया गरिएको नोबेल अस्पतालका निर्देशक एवं मुटु बिभाग प्रमुख डा. राजेश नेपालले जानकारी दिए । 'पहिलो चरणमा तीन जनाको सफलतापुर्वक ओपन हार्ट सर्जरी गऱ्यौ ।' डा. नेपालले भने 'सवै जना निको भएर घर फर्किसक्न' भयो । अव नियमित सेवा सुरु गरेका छौ ।' शरिरको महत्वपुर्ण अंग हो मुटु । त्यसैले मुटुको अप्रेशनलाई जटिल मानिन्छ ।

मुटुमा सामान्य समस्या हुँदा अन्य बिधिबाट उपचार गरिन्छ । तर, मुटुको गंभिर समस्या भएकाहरुलाई 'ओपन हार्ट सर्जरी' अर्थात छाती चिरेर मुटुको शल्यक्रिया गन'पर्छ । जन्मजात मुटुमा प्वाल परेका, मुटुको वाथ रोगले भल्व बिग्रिएका, मुटुको नसा अवरुद्ध भएका, एन्जियोप्लाष्टि गर्न नमिल्ने लगायत बिरामीलाई ओपन हार्ट सर्जरी गर्नुपर्ने नोबेलका डा.प्रमान शर्माले बताए ।

जटिल शल्यक्रिया भएकाले नेपालका केहि अस्पतालमा मात्र ओपन हार्ट सर्जरी हुने गरेको छ । नोबेलले मुटुको शल्यक्रिया

वांकी अन्तिम पेजमा...

रेयूकाइद्धारा राहत वितरण

विराटनगर । नेपाल रेयूकाई केन्द्रीय कार्यालयको विराटनगरमा बसेको बैठकवाट अविरल वर्षावाट पिडित परिवारलाई राहत वितरण गर्ने निर्णय गरी तत्कालै रेयूकाईका सदस्यहरुवाट ५५ हजार रकम संकलन भएको थियो ।

संकलन भएको रकमवाट स्थानीय सदस्यहरुको सहकार्यमा बाढीपिडितहरुलाई खाद्ययान सहयोग गरेको छ । विराटनगर १२ स्थित बखरीमा बाढीपिडितहरुलाई ५५ हजार बराबरको खाद्ययान सामग्री हस्तानतरण गरिएको थियो ।

नेपाल रेयूकाईका सदस्य हिरालाल साहको नेतृत्वमा गएको टोलीले दाल, चामल, खाने तेल, बेडसिट, झुल, कपडा, चुरा, भुजा, लगायतका खाद्यायान सामग्री हस्तारण गरेको थियो । नेपाल रेयूकाईका केन्द्रीय अध्यक्ष कैलाश बिक्रम शाही, उपाध्यक्ष नेरश मान प्रधान, र विराटनगरका सदस्यहरुबाट सक्लन गरिएको रकम सहयोग गरेको संयोजक साहले बताउनु भयो ।

अन्तिम पेजमा...

राजनितीक परिवर्तनमा महत्वपूर्ण भूमिका

राकेश कर्ण

विराटनगर प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले विगतका समयमा भएका लोकतान्त्रिक, गणतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनका कारण समग्र नेपालको राजनितिक परिवर्तनमा नेपाल इन्जिनियर्स एसोसिएसनको महत्वपूर्ण भुमिका रहेको बताएका छन ।

उनले मनकामना आरएमसी र नेपाल इन्जिनियर्स एशोसियसन द्वारा शुक्रबार विराटनगरमा ५७ औं इन्जिनियर्स दिवसको अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै यस्तो बताएका हुन । मुख्यमन्त्री राईले संघीय प्रणालीमा देश रुपान्तरित भएको र तीन तहमा राजनितिक संरचनाहरु बनेको अवस्थामा इन्जिनियर्स एसोसिएसनले पनि एउटै जिम्मेवारी बोधका अगाडि बढनुपर्ने कुरामा जोड दिएका छन ।

कार्यक्रममा बोल्दै विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले मुलुकको समृद्धि र

वांकी अन्तिम पेजमा...

HA AUTO MOBILE
एच. ए. अटोमोवाइल प्रा. लि.
बिराटनगर-४, कन्चनबारी
यहाँ पुरानो तथा नयाँ कार, मोटरसाइकल र स्कुटर सुपथ मुल्यमा खरिद, बिक्रि गरिन्छ ।
सम्पर्क नं. ९८५२०२११८६, ९८१७७३२९४१

भर्ना खुल्यो
प्रदेश नं. १ मै भौतिक पूर्वाधारले सम्पन्न
सम्बन्धित परिषद्बाट स्थायी मान्यता प्राप्त
विराट हेल्थ कलेजमा
HA
Staff Nurse
D Pharmacy
Radiography
Lab Technician
फारम भर्ने अन्तिम मिति : ०७६ श्रावण १२ गते
प्रवेश परीक्षा : ०७६ श्रावण २२ गते
विराट हेल्थ कलेज, विराटनगर
०२१-४२०९७४/९८४२०४५०४०
Website : www.birathealthcolle.com

सम्पादकीय

बाढीपिडीतलाई उचित व्यवस्थापन गरौं

नेपाल भौगोलिक रुपमा हिमाल, पहाड र तराई रहेको छ। त्यसमा हिमाल र पहाड उच्च भूभाग भएकोले ती दुवै ठाउंको वर्षाको पानीले तराईको सम्थल भूभागमा बसोवास गर्ने नेपाली जनताले प्रत्येक वर्ष बाढीका कारण दर्जनौ व्यक्तिको मृत्यु हुने गरेका छन् भने हजारौ घरविहीन हुँदै आएको छ। त्यस्तै हिमाल र पहालमा पनि वर्षावाट आएको पहिरोले पुरिएर पनि ज्यान गुमाउनेको सख्या उल्लेखनिय छ। त्यसमा पनि भारतीय सिमा नजिकै भारत सरकारले वनाएको वाधले समेत नेपाली भूमी डुवानमा परेको आम नेपाली जनतालाई अवगत नै छ। प्रत्येक वर्ष नेपाली जनताले वाढीवाट लाखौको सम्पति गुमाउनु परेको छ भने राज्यले त अर्वोको क्षति व्यहोर्नु परेको छ यसका लागि राज्यले समयमै उचित व्यवस्थापन गरेमा अविरल वर्षाले आएको वाढीवाट भएको क्षतिवाट जोगिन सकिन्छ। उचि व्यवस्थापनमा आम नेपाली जनताले साथ दिदै आफैपनि वाढीवाट जोगिन व्यवस्थापन गर्नु पर्दछ।

बाढी वहिरोवाट बच्नको लागि नेपालवाट भारत तिर वग्ने सवै नदीहरुको व्यवस्थापन गर्नुपर्ने जनसको लागि पानीको वहावलाई निरन्तर सरसफाई गर्नु पर्ने, भारतवाट नदी किनाराहरुमा वनाइएको वाधहरुवाट भएको क्षतिपुर्ति भारत सरकारले दिनु पर्ने अथवा वाधवान्धा सरकारले त्यसमा नेपाली जनताको हितमा सम्झौता गर्नु पर्ने, नेपाल सिमाको छेउमा दर्जनौ स्थानमा भारतले वाध वनाएको छ जसले गर्दा पानी थुनिएर नेपाली जनता डुवानमा पर्ने गरेका छन्। नेपाली जनता स्वयम आफनै अनियन्त्रित बसोवासका कारण पनि वाढीको जोखिममा परेका छन्। अनियन्त्रित वसोवास नदी किनारामा घर वनाउनु जस्ता करणले वर्षेनि वाढीवाट दु:ख पाई रहेका छौ।

वाढीवाट बच्नका लागि मौसम विभागले पूर्व सूचनाको व्यवस्था गर्नु पर्छ। अव्यवस्थीत वसोवासलाई सरकारले रोक्नु पर्ने हुन्छ। घर निर्माण गर्दा निश्चित मापदण्ड राज्यले वनाउनु पर्छ। वाढीवाट अत्याधिक प्रभावित हुने गरीव सुकुम्वासीहरुलाई बासको उचित व्यवस्थापन गर्नु पर्ने हुन्छ। यति हुँदा हुँदै पनि प्राकृतिक प्रकोप, वाढी, पहिरो, आगलागी, प्रकृतिक विपतीको लागि सरकारले व्यवस्थापनको लागि अग्रीम व्यवस्थापन गरी राख्नु पर्ने देखिन्छ। वाढी प्रभावित क्षेत्रमा सरकार भन्दा पनि संघ संस्था पहिले राहत लिएर जान्छ के सरकार यति कम्जोर भएको हो ? सरकारका संयन्त्र पुग्नु पर्नेमा संघसंस्था पुग्छन किन ? यी समग्र समस्याहरुको समाधान राज्यले खोज्नु आवश्यक छ। यस्ता समस्या समाधान गर्न सक्यो भने केही हद सम्म वाढीको क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ।

विकास जनप्रतिनिधीको दायित्व

राकेश कुमार यादव

रौतहट जिल्लामा विगत केही दिनदेखि स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षको विवादले विभिन्न संचारमाध्यममा स्थान पाएका छन्। स्थानीय तहका मेयर वा अध्यक्षले अधिकार कुण्ठित गरेको भन्दै केही स्थानीय तहका उपमेयरहरूले विवाद सिर्जना गरेका हुन्।

मेयर र उपमेयर बिचको विवादले सेवाग्राहीहरूको कामकाजका साथै विकास निर्माणको कार्यमा प्रत्यक्ष असर परेको छ। संविधानले स्थानीय तहको प्रमुख र उप-प्रमुखको अधिकार छुटा-छुटै तोकिएको भएता पनि असमझदारी, महत्वकांक्षी, अशिक्षा, परनिर्भताको कारण विवाद उत्पन्न भएको हो। वर्षको अन्तिममा आएर अधिकारको सवाल उठाएर स्थानीय तहका उपमेयर, उपाध्यक्षहरूले विवाद गर्ने गरेकाले बजेटको भागवण्डा नमिलेको कारण मेयर र उपमेयर विच विवाद भएको भनेर आलोचना हुने गरेको छ।

कानुनी रूपमा अधिकार पाएका उपमेयर, उपाध्यक्षहरूले आफ्नो पदिय जिम्मेवारी बहन नगरी अनावश्यक विवाद गर्ने गरेको देखिएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले उपप्रमुख उपाध्यक्षको काम कर्तव्य अधिकार स्पष्ट गरिसकेको छ। मुलुक संघीय लोकतान्त्रिक गण[illegible] व्यवस्थामा गईसकेको अवस्थामा तीन तहका सरकारहरू रहेका छन्। संघ, प्रदेश तथा स्थानीय सरकार रहेको अवस्थामा नेपालको संविधान २०७२ मा सबै सरकारले आफ्नो कानुन बनाएर जनताको हक अधिकारको लागि कार्य गर्ने भनिसकेको छ।

स्थानीय तहले २० वटा कानुन वनाएर कार्यान्वयन गर्न सक्ने अधिकार पाएको छ। राजनीतिक समस्या तथा विभेद ग्रसित मानसिकताको कारण संघीय सरकारले प्रदेश २ लाई आफ्नो अधिकार प्रयोग गर्नमा बाधा पुऱ्याई रहेको छ। रौतहटमा मात्रै होइन देशभरी आन्तरिक समस्या रहेको छ। यो यथार्थ पनि हो।

कानूनी रूपमा अधिकार तोकिए पनि व्यावहारिक रूपमा आपसी समझदारीले दुवै जना मिलेर कार्य गरिरहेका छन्। स्थानीय एक उपमेयरले बढी महत्वकांक्षाका कारण विवाद भएको बताएका छन्। जनताको मतवाट जितेर आएपनि कानूनी रूपमा अधिकार फरक-फरक रहेको छ। सबै अधिकार मेरो हो भनी मेयरले ठान्ने र उपमेयरले मेयर जस्तो अधिकार हुनुपर्छ भनि आकांक्षा राख्नुले आपसी द्वन्द्व भएको अनुमान गरिएको छ। उपमेयरले न्यायिक समितिको संयोजक भई काम गर्नेछ।

यसको अलावा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा यस्तो अधिकार तोकिएको छ। न्यायिक समितिको संयोजक भई कार्य गर्ने, अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने, गैरसरकारी संघसंस्थाका क्रियाकलापको समन्वय गर्ने, उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने, सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने, सात दिनभन्दा बढी समय गाउापालिका वा नगरपालिका मा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने, उपदफा ८ मा सभा कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने तोकिएको छ।

उपाध्यक्ष वा उपप्रमुखले न्यायिक समितिको संयोजक भई यस ऐनको परिच्छेद ८ को दफा ४६ देखि ५२ सम्मको अधिकार प्रयोग गर्ने अधिकार उपाध्यक्ष वा उपप्रमुखको रहेको छ। कानुनले जति अधिकार दिएको छ त्यो अधिकार आफ्नो दायित्व वुझेर पालना गरे उपप्रमुखलाई फुर्सद हुन सक्दैन।

कानुनले दिएको अधिकारको पालना नगरी राजनितिक प्रभाव, लोग्नेको दवाव, आपसी स्वार्थले वजेटको भागवण्डाको कारण विवाद हुने गरेको छ। संविधानको धारा २१७ को कार्यान्वनको लागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा प्रत्येक गाउापालिका तथा नगरपालिका मा एक न्यायिक समिति रहने व्यवस्था गरिएको छ।

दफा ४७ को १ र २ मा न्यायिक समितिलाई २ प्रकारको न्याय निरूपण गर्ने अधिकार प्रदान गरेको भए पनि उपमेयरहरूले त्यस तर्फ ध्यान नदिई बजेट लिने सोच राखेका कारण वैधानिक रूपमा पाएको अधिकार पनि ओझेलमा परेका छन्। निर्वाचन भएको २ वर्ष बित्न लाग्दा न्यायिक समितिले पुर्णता पाएको अवस्था छैन। न्यायिक समितिको लागी चाहिने कर्मचारी, कानुन व्यवसायीको संघीय सरकारले व्यवस्थापन नगर्दा झन् समस्या भएको उपप्रमुखहरूको गुनासो रहेको छ। यो समस्या यथार्थ रहेको छ।

न्यायिक समितिले निरूपण गने पाउने विवादहरूमा आलीधुर, वाधपैनी, कुलो वा पानीघाटको बााडफााड तथा उपयोग, अर्काको वाली नोक्सानी गरेको, चरन, घाास दाउरा, ज्याला मजदुरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन शिक्षा दिक्षा नदिएको। बार्षिक २५ लाख रूपैयाा सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा। अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रूख विरूवा लगाएको, आफनो घर वा बलेसीवाट अर्काको घर जग्गा वा सार्वजनिक वाटोमा पानी झारेको, संधियारको जग्गातर्फ झयाल राखी घर बनाउनु पर्दा कानुनले तोकेको मापदण्ड पुरा नगरेको, कसैको हक वा स्वामित्वमा भएपनि परापुर्व देखि सार्वजनिक रूपमा प्रयोग गर्दै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चउर कुलो नहर पोखरी पाटीपौवा, अन्त्यष्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको तथा संघीय वा प्रदेश कानुनले स्थानिय तहवाट निरूपण हुने भनि तोकेको अन्य विवाद सुनुवाई प्रक्रियाबाट निरूपण गर्नुपर्ने अधिकार रहेको छ। १६ नगरपालिका र २ गाउापालिका मध्ये वढी विवाद कटहरिया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, देवाही गोनाही नगरपालिका, यमुनामाई गाउापालिका, राजदेवी नगर पालिकामा देखिएका छन्।

गरूडा नगरपालिकामा विवाद रहेपनि अहिले स्थिति समान्य भई कामकाजमा निरन्तरता पाएको छ। उपप्रमुख रंगिला देवी जयसवालले कानुनी रूपमा दिइएको अधिकार स्वतन्त्र रूपमा प्रयोग गर्नुपर्ने वातावरण नगरप्रमुखले बनाउनुपर्ने धारणा राखेकी छिन्। मौलापुर नगरपालिकाका उपप्रमुख गौरीशंकर जयसवालले दुवै जना जनताको मतले निर्वाचित भएकोले आपसमा सहकार्य समन्वय गरी अगाडी बढ्नुपर्ने आवश्यकता रहेको बताएका छन्। जनतावाट जनताको लागी कार्य गर्नलाई निर्वाचित भएको जनप्रतिनिधिहरूले आ-आफनो अधिकारको दायरामा रही विकास निर्माणको कार्य गर्नुपर्छ।

मधेशमा जटिल समस्याको रूपमा रहेको दाईजो प्रथा, वाल विवाह, वोक्सी जस्ता सामाजिक विकृति हटाउने तर्फ ध्यान दिनुपर्नेछ। आर्थिक विकास, समाजिक विकास, मानसिक विकास गर्ने योजना तर्फ ध्यानकेन्द्रित गर्नुपर्छ। आपसी मनमुटाव छोडेर वेराजगारी समस्या समाधान, उद्योग कलकारखानाको स्थापना, सिचााई, कृषि, स्वास्थ्य, शिक्षाको विकास मुख्य प्राथमिकतामा राखेर अगाडी बढेमा समृद्ध नेपाल सुखी नेपाली सरकारको लक्ष्य पुरा हुनेछ। (यादव रौतहटका स्थानीय पत्रकार हुन्। (मधेश दर्पण फिचर सेवा)

साप्ताहिक राशिफल

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला। शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन्। प्रशन्सा तथा मान सम्मानको योग रहेको छ।**

मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह) : आर्थिक मामिलाको काममा ठगिनुका साथैं माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : शारिरीक तथा मानसिक ताप उत्पन्न होला। अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ।

तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते) : समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुऱ्याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ।

धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे) : केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ। आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : **तपाईको स्वास्वास्थ्यमा सुधार हुदै जानेछ। अडिकिएका कामहरु क्रमश वन्दै जानेछ। प्रतिस्पर्धामा सफलताको योग छ।**

मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ। सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला।

केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

प्रहरी

पुर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

अषाढको अन्तिम साता आएको अविरल वर्षाका कारण बाढी र पैहिरोमा परी भएको मानवीय क्षति (मृतक)को विवरण स्रोत गृह मन्त्रालय

सि.नं.	जिल्ला	मिति	न.पा./ गा.पा.	लिङ्ग	वर्ष	नामथर	कैफियत
१	झापा	२०७६।०३।२७	दमक न.पा. १०	म.	६	एलिजा न्यौपाने	कल्भटको पानीमा डुवी
२	झापा	२०७६।०३।२८	शिवसताक्षी न.पा. ५	पु.	९	सौगात चापागाई	खोलाले बगाउदा
३	झापा	२०७६।०३।३०	मेचीनगर न.पा. १३	पु.	३	अजित प्रसाई	खोलाले बगाएको
४	मोरङ्ग	२०७६।०३।२९	रतुवामाई ६	पु.	१२	अमित हेमरन	पानीले बगाउदा
५	मोरङ्ग	२०७६।०३।२९	कानेपोखरी २	पु.	१४	सचिन ऋषिदेव	पानीले बगाउदा
६	सुनसरी	२०७६।०३।२९	हरिनगरा गा.पा. २	पु.	१२	तोसिब मिया	पानीमा डुबेर
७	सुनसरी	२०७६।०३।३०	दुहबी न.पा. २	पु.	४	जुगेर मिया	पोखरीमा डुवेर
८	पाँचथर	२०७६।०३।२७	मिक्लाजुङ गा.पा. ४	पु.	१०	दिवन राई	खोलाले बगाएको
९	भोजपुर	२०७६।०३।२६	रामप्रसादराई गा.पा. ७	पु.	६६	जगत बहादर राई	घर भत्किएर
१०	भोजपुर	२०७६।०३।२७	मकेमैयुङ गा.पा. ९	पु.	१४	जनक बि.क.	पहिरो आई च्यापिएर
११	भोजपुर	२०७६।०३।२८	रामप्रसादराई गा.पा. ५	म.	३५	मन कुमारी राई	हिरो आई पुरिदा
१२	भोजपुर	२०७६।०३।२८	रामप्रसादराई गा.पा. ५	पु.	१७	शिव कुमार राई	पहिरो आई परिदा
१३	भोजपुर	२०७६।०३।२८	रामप्रसादराई गा.पा. ५	पु.	१५	शक्ति कुमार राई	पहिरो आई पुरिदा
१४	ईलाम	२०७६।०३।२७	चुलाचुलि गा.पा. १	पु.	५५	मानाहाङ लावती	खोलाले वगाएको
१५	ओखलढुंगा	२०७६।०३।२७	चिसंखुगढि गा.पा. ४	म.	८०	पासाङपुटी शेर्पा	बाढिले बगाएको।
१६	ओखलढुंगा	२०७६।०३।२८	सिद्धिचरण न.पा. ६	म.	४०	कान्छीमाया क्षेष्ठ	पहिरोले वगाई
१७	ओखलढुंगा	२०७६।०३।२८	मोलुङ्ग गा.पा. ७	म.	४०	खपुटी शेर्पा	घर परिएर
१८	[illegible]खलढुंगा	[illegible]	मोलङ्[illegible] ७	[illegible]	[illegible]	[illegible]ङजी शेर्पा	पहिरोले घर पुरिएर
१९	खोटाङ	२०७६।०३।२७	खोटेहाङ गा.पा. २	म.	२७	रेखा राई	पहिरो आई घर पुरेको
२०	खोटाङ	२०७६।०३।२७	खोटेहाङ गा.पा. २	पु.	४	रोमन राई	पहिरो आई घर पुरेको
२१	खोटाङ	२०७६।०३।२७	खोटेहाङ गा.पा. २	पु.	७	म. रोहन राई	पहिरो आई घर पुरेको
२२	उदयपुर	२०७६।०३।२९	चौदण्डिगढि न.पा. ४	पु.	३५	मन कुमार तामाङ	बेपत्ता भई मृत फेला
२३	महोत्तरी	२०७६।०३।२७	बलवा न.पा. २	पु.	७२	हनिफ बैठा धोबी	बेपत्ता भई लास फेला
२४	महोत्तरी	२०७६।०३।२९	भंगाहा न.पा. ४	म.	१७	वतन नखुलेको	बगाई ल्याएको बालक फेला
२५	महोत्तरी	२०७६।०३।३०	सोनमा गा.पा. १	पु.	५	ईन्ताज नदाफ	चिप्लिन गई
२६	महोत्तरी	२०७६।०३।३०	सोनमा गा.पा. १	पु.	६	अजरुदिन नदाफ	तर्ने क्रममा चिप्लिन गई
२७	धनुषा	२०७६।०३।२८	गणेशमानचारनाथ न.पा. ४	पु.		नामथर नखलेको	पानिमा मृत अवस्थामा
२८	धनुषा	२०७६।०३।घण	धनुषाधाम न.पा. ४	पु.	६०	विपतिया महारा	खोलामा डुबेर
२९	धनुषा	२०७६।०३।२८	जनकनन्दिनी गा.पा. १	पु.	३५	छेदी गुप्ता	पानीमा डुवी
३०	धनुषा	२०७६।०३।घण	मुखियापट्टी मुसहरनिया १	पु.	६५	सीयाराम यादव	पानीमा डुवेर
३१	सिराहा	२०७६।०३।२८	मिर्चैया न.पा. ४	म.	११	रागनी कमारी महतो	पानिमा डुबि
३२	सिरहा	२०७६।०३।२९	सिरहा न.पा. १७	म.	३०	नाम नखुलेको	बाँध नजिक मृत फेला
३३	सिरहा	२०७६।०३।२९	मिर्चैया न.पा. ४	म.	५	प्रियंका साह	पोखरीको डुबि
३४	सिरहा	२०७६।०३।२९	नरहा गा.पा(३	पु.	६५	सोभित ब. कटुवाल	उपचारको क्रममा
३५	सर्लाही	२०७६।०३।३०	कौडेना गा.पा.५	पु.	२	ऐयान खान	पानीमा डुवेर
३६	रौतहट	२०७६।०३।२८	गौर न.पा. ३	पु.	४०	शिव मंगल पटेल	पानिमा डुबि
३७	रौतहट	२०७६।०३।२९	दर्गाभगवती गा.पा. ४	पु.	४०	विरेन्द्र मिश्र	पानीमा डवेर
३८	रौतहट	२०७६।०३।२९	इसनाथ न.पा. १	पु.	३५	हरेन्द्र राय यादव	पानीमा डवेर
३९	रौतहट	२०७६।०३।२९	गौर न.पा. ३	पु	४०	उमेश राउत	पानीमा डुवेर

वांकी ५ पेजमा...

मगही भाषा

मगही भाषा अभियन्ता भारतमे सम्मानित

श्याम सुन्दर सुतिहार

विराटनगर। नेपालमे बोलैवाला मगही भाषाके अभियन्ता आर नेपाल से प्रकाशित भेल गोरखापत्र दैनिकके मगही भाषाके पृष्ट संयोजक बीरबहादुर महतो भारतमे अषाढ २५ गते शनिवारके दिन सम्मानित भेल है।

भारतके विहार राज्यके राजधानी पटनामे भेल बिहार हिन्दी साहित्य सम्मेलके अवसरमे मगही अकादमी (गया) बिहार एवं मगही लोक तुतवाडी, गया द्धारा आयोजित करल गेल डा. राम प्रसाद सिंह साहित्य पुरस्कार सम्मारोह मे महतोके बिहारके वर्तमान शिक्षा मन्त्री कृष्णनन्दन आर पूर्व मुख्य मन्त्री सतिष प्रसाद सिंह लगायतके अतिथी सब मिलके दोसल्ला ओढाक सम्मान पत्रके साथ सम्मानित भेल है।

नेपालके तराई मधेशके जिल्ला सवमे बसोवास करैवाला पिछडावर्गके लोग सव बोलैवाला भाषा मध्ये मगही भाषा साहित्यके उत्थान आर विकासमे विषेश योगदान करैके कारण सम्मानित करल गेल आयोजक जानकारी करले रहल हे। वहे अवसरमे विहारमे मगही भाषामे विषेश योगदान करैवाला डा. राजेश शर्मा आर लक्ष्मण प्रसाद चन्द सेहो सम्मानित भेल रहल।

महतो कहलक कि मगही भाषाके पहिलका अन्तराष्ट्रिय सम्मेलन जानकी नगरी जनकपुर धाममे भे सकल आर दोसरका सम्मेल यहे साल विराटनगरमे करैके सेहो घोषण करलक।

हिन्दी साहित्य सम्मेलन आर डा.राम प्रसाद सिंह साहित्य पुरस्कार समारोहमे नेपालके प्रदेश नं. १ आर २ के मगही भाषाके अभियन्ता जय प्रकाश महतो, श्याम सुन्दर सुतिहार, भुवनेश्वर महतो, चन्देश्वर दास, कवि उदयराज यदुवशी, बेचन महतो, विजय कुमार दास, फुलगेन कुमार महतो सहभागी रहे।

मगही अन्तराष्ट्रि सम्मेलन विराटनगरमे

विराटनगर। नेपालमे रहैवाला मगही भाषा-भाषी अभियन्ता सवके पटनाके पाटलीपुत्र धर्मशालामे अषाढ २४ गते बैठल बैठकसे दोसरका अन्तराष्ट्रिय सम्मेलन भदौ २७ आर २८ गते अर्थात सेप्टेम्वर १३ आर १४ तारिख विराटनगरमे करैके लेल निर्णय करलक हे।

पाटलीपुत्र धर्मशालामे मगही अन्तराष्ट्रिय परिषदके संयोजक बीरवहादुर महतोके प्रमुख आतिथ्य आर भाषा संस्कृति प्रतिष्ठानके अध्यक्ष जय प्रकाश महतोके अध्यक्षतामे बैठल बैठक से मगही भाषाके अन्तराष्ट्रि सम्मेलन प्रदेश नं. १ के राजधानी विराट राजाको नगरी विराटनगरमे करैले लेल सब अभियन्ता सव सहमत भेल। एकर से पहिले पहिलका अन्तराष्ट्रिय सम्मेलन जनकी नगरी जनकपुरमे सम्पन्न भे रहल।

मगही अन्तराष्ट्रिय सम्मेलन मे भारतके विभिन्न राज्य सवमे मगही भाषाके अभियन्ता आर नेपालके सातो प्रदेशके अभियन्ता आर भाषा संस्कृति प्रतिष्ठानके प्रतिष्ठीत लोग सवके उपस्थिति करायल जायके जानकारी मगही अन्तराष्ट्रिय परिषदके संयोजक बीरवहादुर महतो करलक हे।

मगही अन्तराष्ट्रिय सम्मेलन मगही अन्तराष्ट्रि परिषदके आयोजनामे होयत आर ओकर संयोजन स्तानीय स्तरके मगही भाषा प्रतिष्ठान, नेपाल बढई कल्यान परिषद, कुशवाह समाज, सुडी समाज, बैश्य समाज लगात पिछडावर्गमे रहल मगही भाषा बोलैवाला जाइत सवके संघ संस्था सवके आवद्धता रहैके जानकारी प्रतिष्ठानके अध्यक्ष जय प्रकास महतो जानकारी करौलक है।

सीपले फर्काइएका खुशी

डीवी विष्ट

सिल्पाकुमारी पार्कीको विवाह १४ वर्षको उमेरमा भयो। तल्कोट गाउापालिकाकी उनले २० वर्षमै श्रीमानसँग सम्बन्ध विच्छेद होला भनेर कल्पना समेत गरेकी थिइनन्। कक्षा ६ मा पढ्दै गर्दा विवाह गरेकी उनको जीवनमा त्यतिबेला आध्यारो छायो, जतिबेला श्रीमानले विभिन्न बहानामा दुःख दिन थाले।

उनीमाथि दिनहु कुटपिट हुन थाल्यो। सबै आफन्त इष्टमित्रले उनका श्रीमानलाई सम्झाए बुझाए। त्यसो नगर भन्दा मानेनन्। केही महिनामा अर्की श्रीमती घर ल्याए। त्यसपछि उनका सबै आशा भरोसा मरे। २० वर्षकै उमेरमा उनलाई कहाँ जाने के गर्ने भनेर चिन्ताले सताउन थाल्यो। धेरै पटक न्याय खोज्दै भौतारिएको उनले बताइन्। भनिन् 'कति पटक गाउा नजिकैको ईलाका प्रहरी कार्यालयमा धाएँ, निवेदन दिए। प्रहरीले श्रीमान, घर परिवार र छरछिमेकीलाई बोलाएर मिलापत्र गराउँथे। मिलापत्र गराएको केही दिन त चुप बस्ने। फेरि कुटपिट गर्न थालेपछि आत्महत्या नै गरुँकी भन्ने सोच समेत मनमा उव्जन्थ्यो।'

कसैको सहयोग नभएपछि उनी घरबाट निस्किन्। अरु विकल्प नभएपछि उनी महिला अधिकार मञ्चमा पुगिन्। पहिला उनले यस संस्थामा गए सहयोग पाउने हल्ला सुनेकी थिइन्। भनिन, 'त्यही सुनेकै भरमा म महिला अधिकार मञ्चमा पुगें।' उनले त्यहाँ सबै दुःख कष्ट सुनाइन्। माइतीमा समेत खवर गरिनन्। उनी पहिला पनि न्यायका लागि हिंड्दा सबै डराएर सहयोग गरेनन्। धेरैले आफ्नो मान्छे र पैसा चाहिन्छ, नत्र मुद्दा जितिदैन भन्थे। उनले अन्तिममा आएर महिला अधिकार मञ्चमा निवेदन दर्ता गराइन्।

भनिन् '२०७४ साल साउनमा मञ्चका दिदीहरूले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिन लगाउनु भयो।' उनले महिला अधिकार मञ्चमै बसेर श्रीमानसँग सबन्ध विच्छेद गरिन्। उनी अहिले मञ्चकै पहलमा सिलाई कटाई तालिम लिएर काम गर्दैछिन्। भनिन् 'अहिले यही काम गरेर गुजारा चलाउँदै छु, राम्रो छ।' उनलाई अहिले आफ्नै कमाइमा हिंसाबिना चलाएको जीवन स्वर्ग जस्तै लाग्छ।

यसरी पहिला धेरै हिंसा सहेका महिलाले महिला अधिकार मञ्च आएपछि सजिलो भएको बताउने गरेका छन्। तिनै मध्येकी एक हुन, देवकी सिंह।

थलारा गाउँपालिका वडा नम्बर ८ कि उनलाई वर्षायाममा शरीरमा फोका आउने समस्या थियो। श्रीमान् र आफन्तले उपचार गर्नुको साटो हेला गर्न थाले। भनिन् 'तँलाई कुष्ठरोग लागेको छ, मर भनेर कुट्थे।' श्रीमानले अर्को विवाह गर्न लागेको उनले थाहा पाइन्। यस्तो अवस्थामा उनले पनि महिला अधिकार मञ्चको नाम सुनिन् र त्यही आइन्। मञ्चबाट उनलाई न्यायको लागि प्रहरी कार्यालय लगियो। उनी मञ्चले सञ्चालन गरेको सुरक्षित आवासमा बसिन्। उनले भनिन् 'युएनएफपीएको आर्थिक सहयोगमा मलाई सेकुरेटी गार्डको तालिममा काठमाडौं पठाइयो। २ सन्तानसहित काठमाडौंमै पुगेर अहिले यहाँ एक संस्थामा सेकुरेटी गार्ड भएर छोराछोरीको लालन पालन र पढाइ खर्चको जोहो गर्दै छु।' उनलाई अहिलेको जीवन सजिलो लाग्छ। त्यसैले यस्तो सजिलो बनाइदिने महिला अधिकार मञ्च र युएनएफपीएलाई सधै धन्यवाद दिन्छिन्। भनिन् 'अहिले न मलाई हिंसा छ न त अरुको कमाइ खानु पर्छ।' श्रीमान्ले दोस्रो विवाह गरेर भारत गएको खबर थाहा पाएपछि उनले आफ्नो अधिकारका लागि बहुविवाहको मुद्दा समेत हालेकी छिन्।

यस्तो खुसी फर्केला भन्ने त उनलाई लागेकै थिएन। महिला अधिकार मञ्चमा आएर धेरैले नयाँ र स्वावलम्बी जीवन पाएका छन्। यिनै मध्ये अर्की महिला हुन् छबीस पाथीभेरा गाउँपालिकाकी कौफली धामी।

७ वर्ष अघिको कुरा हो धामी १५ वर्षकी थिइन्। जंगलमा दाउरा लिन गएका बेला छिमेकी गाउँका केटाले तानेर लगे। ५ दिनसम्म गोठमा राखेर जबरजस्ती शारीरिक सम्पर्क गरे। श्रीमान् नस्विकादा 'सम्म बाहिर निस्कन दिएनन्। उनले बाध्य भएर श्रीमान् स्वीकारेको बताइन्। श्रीमान् मन नपरेकाले कहिले माइती, कहिले श्रीमानको घर बस्ने गरेकी थिइन्। त्यही बिचमा उनका श्रीमानले अर्को विवाह गरे। सौता भित्रिएपछि घरका सबैले उनलाई कुटपिट गर्न थाले। यार्सा टिप्न लेक गएको बेला श्रीमानले मरणासन्न हुने गरी कुटे। कौफली भन्छिन् 'मरिसकी भनेर छोडेको रहेछ। यार्सा टिप्ने मान्छेले बेहोस् अवस्थामा भेटेपछि उपचार गरेर बचाए।'

त्यसपछि उनले घर छोडिन्। सदरमुकाम चैनपुरमा भाँडा माझेर जीवन चलाउदै थिइन्। महिला अधिकार मञ्चको नाम सुनिन्। उनी मञ्च पुगेपछि प्रहरी कार्यालयदेखि अदालतसम्म पुगिन्। दुई वर्षअघि उनले जिल्ला अदालत चैनपुरमा सम्बन्ध विच्छेदको मुद्दा दिइन्। अदालतले उनलाई २ लाख ५० हजार बराबरको सम्पत्ती पाउने आदेश गर्दै सम्बन्ध विच्छेद गरिदियो। त्यसपछि उनी मञ्चकै सहयोगमा कुकको तालिम लिन काठमाडौ गइन्। भनिन् 'अहिले त म होटलमा कुकको काम गर्छु।' मञ्चमा आजभोलि जिल्लाका धेरै पीडितले आश्रय मात्र पाएका छैनन, सीप सिकेर काम समेत पाएका छन्। महिलालाई न्याय मात्र दिएर हुादैन, आफै बााच्न सक्ने बनाउनु पर्छ भनेर सीप सिकाउने र जागिर खोज्न सहयोग गर्ने काम गरेको महिला अधिकार मञ्चका अध्यक्ष जयन्ती जोशीले बताइन्। भनिन् 'हिंसामा परेपछि उनीहरूसाग न खाने गास हुन्छ, न बस्ने बास।'

२०५८ साल फागुन ११ गते स्थापना भएको महिला अधिकार मञ्च बझाङमा हालसम्म ५ सय ७७ जना महिलाहरूले न्यायको लागि निवेदन दर्ता गराएका छन्। यही महिला अधिकार मञ्चले सञ्चालन गरेको अल्पकालीन सुरक्षित आवास गृह (सेफ हाउस)मा हाल सम्म १ सय ७७ जनामहिलाहरूले सेवा लिएका छन्।

सेफ हाउस संचालनमा आएपछि २ जना बालबालिकालाई पढाउन सहयोग गरेको छ। यस्तै महेन्द्रनगरको साथी संस्थामा ७७ जना हिंसा प्रभावित महिलालाई सीपमूलक तालिम दिएर आत्मनिर्भर हुन सहयोग गरेको छ। २९ जना महिलालाई १० देखि २१ हजारसम्म आर्थिक सहयोग समेत गरिएको छ।

यस्तै महिला अधिकार मञ्चमा आएका ४ सय ५१ जना महिलालाई मनोविमर्स सेवा, ४ सय ४७ जनालाई कानूनी परामर्श सेवा र २५ जना महिलाहरूको जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराइएको छ।

जयपृथ्वी नगरपालिकाका महिला शाखा प्रमुख टिटा मगरले हिंसा पीडित महिलाहरूको न्यायका लागि महिला अधिकार मञ्चले ठूलो सहयोग गर्दै आएको र कोही कसैले पनि साथ नदिएका विचल्ली र बेवारिसे अवस्थामा परेका महिलाहरूको सहाराको रुपमा काम गरेको बताइन्।

हिंसा प्रभावित महिलाको पुनर्स्थापनाका लागि सबै भन्दा ठूलो योगदान युएनएफपीएको रहेको उनको ठहर छ। एउटै नगरपालिका भित्रका मात्रै महिलाहरू नभएर हिंसामा परेका बझाङ जिल्लाका सबै स्थानीय तहका महिलाहरू र बाहिर जिल्लाका महिलाहरू समेत यसबाट लाभान्वित भएको उनले बताइन्।

आर्थिक अभावका कारण अझै भने जस्तो सेवा दिन नसकेको मञ्चकी अध्यक्ष जोशीको अनुभव छ। भनिन् 'पीडित महिला र बालबालिकालाई सुरक्षित राख्न सकिएन भने उनीहरूमा विश्वास गुम्छ।' नगरपालिकामा आएका उजुरी समेत मञ्चमा आउने गरेका छन्। बुंगल नगर पालिकाका उप प्रमुख तथा न्यायीक समितिका संयोजकमिना जाग्रीले भनिन, 'अहिलेसम्म न्यायीक समितिमा १६ वटा उजुरी परेको छ। ती मध्ये ३ वटा उजुरी महिला अधिकार मञ्चमा पठाएका छौं।' महिला अधिकार मञ्चमा पठाएका उजुरीहरू जिल्ला प्रहरी कार्यालय हुँदै जिल्ला अदालतसम्म पुग्ने र यसमा महिला अधिकारकर्मीहरूले सहयोग गरेको उनको अनुभव छ।

हिंसा पीडित महिलाहरूका लागि नगरपालिकाले विभिन्न सीपमूलक तालिमका साथै गाउँ, टोलमा लैंगिक हिंसा न्यूनीकरणका लागि जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम संचालन गर्दै आएको छ। यस्तै जयपृथ्वी नगर पालिकाका उप प्रमुख जुना जाग्रीले न्यायीक समितिमा २८ वटा उजुरी दर्ता भएको र त्यसमा एउटा महिला अधिकार मञ्चमा पठाएको बताइन्। भनिन्, 'हामीले पनि सीपमूलक तालिम सञ्चालन गरेका छौं।'

यता जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार महिला हिंसाका घटना वृद्धि भएको पाइएको छ। आर्थिक वर्ष २०७२।०७३ मा जिल्ला प्रहरी कार्यालयको महिला सेलमा लिखित १५ वटा उजुरी र घरेलु हिंसा सम्बन्धि १ सय १४ वटा ठाडो उजुरी आएका थिए।

यस्तै आर्थिक वर्ष २०७३।०७४ मा १४ वटा लिखित र ८० वटा ठाडो उजुरी परेको महिला सेल प्रमुख पार्वती अवस्थीले बताइन्। त्यस्तै आर्थिक वर्ष २०७४।०७५ मा लिखित १८ र घरेलु हिंसाका ठाडो उजुरी ९३ वटा परे भने आर्थिक वर्ष २०७५।०७६ मा जबरजस्ती करणीका ४, जबरजस्ती करणी उद्योगका ५, कर्तब्य ज्यान ४, बहु विवाहका ५ र घरेलु हिंसा सम्बन्धि ठाडो उजुरी १ सय २० आएका छन्।

यहाँका पुरुष र महिलामा चेतना कम र रुढिवादी समाजका कारण महिला हिंसा बढी भएको तर उजुरी कम आएको जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख सुर्यबहादुर केसीले बताए। भने 'आउन पर्ने जती उजुरी नआए पनि वर्षेनी उजुरी बढिरहेका छन्।' हिंसा न्यूनीकरणका लागि जिल्ला प्रहरी कार्यालयलेसमेत ग्रामीण बस्तीहरूमा नै पुगेर महिला तथा बालबालिकाहरूलाई नियम कानून र हिंसाका प्रकार, यसले पार्ने असर र यसबाट बच्ने उपाय लगायतका विषयमा जानकारी गराउँदै आएको छ।

(पत्रकार विष्ट बझाङका क्रियाशील पत्रकार हुन्।)

बेटा-बेटी दोनो के स्कूल पठाव दहेज प्रथा के अन्त कर।

स्वास्थ्य

कम होगा वजन अगर खाएगे जामुन

ऐसा भोजन जो आपका वजन कम करने में भी मदद कर, तो अपने फ्रूट चाट के बाउल में स्वादिष्ट जामुन के लिए जगह बना लीजिए।

जामून वजन को तेजी से कम करने में करता है मददजामून में कैलोरी होती है कमजामून में फाइबर की प्रचूरता रखती है आपको तृप्त।

गर्मियों में खाए जाने वाले सबसे बेहतरीन और स्वादिष्ट फलों में से एक जामुन। जामुन के साथ अगर चाट मसाले की जोडी हो जाए फिर तो स्वाद के क्या ही कहने। ये पढकर जरूर आपके मुंह में पानी आ गया होगा। लेकिन क्या आप ये जानते हैं कि यह स्वादिष्ट फल सेहत के लिए कितना फायदेमंद है। जामुन आपको पेट दर्द से निजात पाने में काफी मदद कर सकता है। साथ ही ये आपके स्पलीन के बढने को भी रोकता और ये उन लोगों के लिए फायदेमंद होता है जिन्हें अपना पेशाब रोकने में परेशानी होती है।

मैक्रोबायोटिक पोषण विशेषज्ञ और स्वास्थ्य चिकित्सक शिल्पा अरोडा कहती हैं कि मौसमी फलों में फाइटोन्यूट्रीयेन्ट्स मौजूद होते हैं जोकि बैक्टीरिया और इंफैक्शन से लडने में हमारी मदद करते हैं. जामुन में भरपूर मात्रा में विटामिन सी पाया जाता है जोकि आपका इम्यूनिटी लेवल बढाते हैं, साथ ही जामुन को वजन घटाने की प्रक्रिया में तेजी लाने के लिए भी जाना जाता है.

जामुन में कैलोरी की मात्रा बहुत कम और फाइबर बहुत अधिक होता है।

आइए जानते हैं वजन कम करने में जामुन कैसे करता है मदद

जामुन में कैलोरी की मात्रा बहुत कम और फाइबर बहुत अधिक होता है जोकि इसे वजन कम करने के लिए एख बेहद हेल्दी स्नैक बनाता है। फाइबर की बहुतायत से आपको जल्दी भूख नहीं लगती और आप बार-बार खाने से बचते हैं. जामुन में मौजूद फाइबर के तत्व जल्दी पचते नहीं है इसलिए बिना आपका ब्लड शुगर लेवल बढाए ये आपके सिस्टम से पास करता है. यही वजह है कि अधिकांश न्यूट्रीशनिस्ट फाइबर से भरपूर खाना खाने की सलाह देते हैं। इसके अलावा जामुन आपकी पाचन क्रिया को भी अनुकुल बनाता है और वजन कम करने में मदद करता है।

जामुन में मौजूद विटामिन ए और सी आपके शरीर को डिटा'क्सिफाई करने में मदद करते हैं.

कोई भी व्यक्ति जो अपना वजन कम करना चाहता है उसके लिए एक चीज बहुत जरूरी है और वो है उसका पाचन तंत्र ठीक होना. जामुन में मौजूद विटामिन ए और सी आपके शरीर को डिटा'क्सिफाई करने में मदद करते हैं। जामुन अपने ठंडे गुणों के चलते पाचन क्रिया के ठीक प्रकार से संचालन में अहम भूमिका निभाता है. न्यूट्रीशनिस्ट अंजू सूद भी मानती है कि मानसून के दौरान हमें मौसमी फलों का सेवन करना चाहिए। वह यह भी मानती हैं कि मानसून में हमारा इम्यूनिटी लेवल नीचे गिरता है, और हम जल्दी बीमारियों की चपेट में आ जाते हैं. इसलिए हमें अपने इम्यूनिटी लेवल को बढाए रखने के लिए विटामिन सी से भरपूर एंटीअ'क्सीडेंट्स का सेवन जरूर करना चाहिए।

तो अगर आप इस मानसून एक हेल्दी स्नैक की तलाश में हैं जो आपका वजन कम करने में भी आपकी मदद करे तो अपने फ्रूट चाट के बाउल में स्वादिष्ट जामुन के लिए जगह बना लीजिए।

अषाढको अन्तिम साता आएको अविरल वर्षाका कारण बाढी र पैहिरोमा परी भएको मानवीय क्षति (मृतक)को विवरण स्रोत गृह मन्त्रालय

क्र.स.	जिल्ला	मिति	न.पा./गा.पा.	लिङ्ग	वर्ष	नाम	कैफियत
४०	रौतहट	२०७६।०३।३०	राजपुर न.पा. १	पु.	३५	सोनेलाल सहा सोनार	डुवेको लास फेला परेको
४१	रौतहट	२०७६।०३।३०	राजदेवी न.पा. ८	पु.	४	पुरुश्वोत्तम यादव	उपचारका क्रममा
४२	रौतहट	२०७६।०३।३०	वृन्दावन न.पा. ४	पु.	८	परमेश्वर राम	पानीमा डुवेर
४३	रौतहट	२०७६।०३।३०	गढीमाई न.पा. १	पु.	९	रवि राम	पानीमा डुवेर
४४	रौतहट	२०७६।०३।३०	राजदेवी न.पा. ८	पु.	२	सिद्धान्त राय यादव	जमिरहेको पानीमा डुवेर
४५	पर्सा	२०७६।०३।२७	पर्सागढी न.पा. १	पु.	१२	निखिल पटेल	दाउरा निकाल्ने क्रममा
४६	पर्सा	२०७६।०३।२९	बरगंज म.न.पा. २४	पु.	१४	अनुप पटेल	खोलाले बगाएको
४७	बारा	२०७६।०३।२७	परवानीपुर २	पु.	२	विक्की यदाव	नालामा डुवी
४८	बारा	२०७६।०३।२८	कलैया उ.म.न.प १३	पु.	१०	अंजित साह	जमेको पानीमा डुबी
४९	रामेछाप	२०७६।०३।२७	रामेछाप न.पा. ६	म.	७०	पदम कुमारी सुनार	गोठ भत्किएर
५०	सिन्धुली	२०७६।०३।२७	फिक्कल गा.पा. १	म.	३५	हेम कुमारी सुनुवर	पहिरोले गोठ बगाउादा
५१	सिन्धुली	२०७६।०३।२७	दुधौलि न.पा. ४	पु.	३	कार्वन कपारी	भल बाढी घरमा पस्दा
५२	सिन्धुली	२०७६।०३।२८	दधौली न.पा. १२	म.	३०	सुनिता पौडल	घरमा पहिरो आई पुरिदा
५३	सिन्धुली	२०७६।०३।२८	दधौली न.पा. १२	म.	१०	सविता पौडेल	पहिरो आई पुरिदा
५४	काभ्रे	२०७६।०३।२७	बनेपा न.पा.३	म.	६०	गोमा दंगाल	घर भत्किदा
५५	काभ्रे	२०७६।०३।२७	बनेपा न.पा. ३	म.	७	सुहाबी दंगाल	पहिरो आई घर भत्किदा
५६	काभ्रे	२०७६।०३।२७	रोशी गा.पा. ११	म.	६५	कृष्ण देबी रायमाझी	पर्खाल खसि च्यापिएर
५७	काठमाण्डौ	२०७६।०३।२७	मुलपानी बाबाचोक	म.	३५	सर्मिला यादव	ट्रस्टको वाल भत्कदा
५८	काठमाण्डौ	२०७६।०३।२७	मुलपानी बाबाचोक	म.	३०	नितु यादव	ट्रस्टको वाल भत्कदा
५९	काठमाण्डौ	२०७६।०३।२७	मुलपानी बाबाचोक	पु.	१२	कुन्दन यादव	ट्रस्टको वाल भत्कदा
६०	ललितपुर	२०७६।०३।२७	बाग्मती गा.पा.२	पु.	११	सुरज जिम्बा	पहिरो आई घर पुरिदा
६१	ललितपुर	२०७६।०३।२७	बाग्मती गा.पा.७	म.	४५	सिता राना मगर	ढिस्कोले च्यापिएर
६२	ललितपुर	२०७६।०३।२८	महाकाल गा.पा. १	पु.	३०	अविरल गोले	पहिरो आई घर पुरिदा
६३	ललितपुर	२०७६।०३।२८	कुन्ज्योसम गा.पा. २	पु.	१०	संन्दिप लोल्हो	पहिरो आई घर पुरिदा
६४	ललितपुर	२०७६।०३।२८	कुन्ज्योसम गा.पा. २	म.	४५	सानु मैया लोल्हो	पहिरो आई घर पुरिदा
६५	ललितपुर	२०७६।०३।२८	कुसन्ती	पु.	३९	सुवेश बस्नेत	खोलाले बगाउदा
६६	मकवानपुर	२०७६।०३।२७	थाहा न.पा. ३	म.	१४	सन्तमाया बलामी	खोलाले बगाएको
६७	मकवानपुर	२०७६।०३।२७	कैलाश गा.पा. १०	पु.	५०	सानुकान्छा सुनार	खोला तर्ने क्रममा
६८	मकवानपुर	२०७६।०३।२७	ईन्द्रसरोवर गा.पा. २	म.	१४	सृष्टी डिम्डुङ	पहिरो खस्न गई
६९	मकवानपुर	२०७६।०३।३०	ईन्द्रसरोवर गा.पा. १	म.	१८	ववितावलामी	माथिबाट पहिरो खसी
७०	मकवानपुर	२०७६।०३।३०	ईन्द्रसरोवर गा.पा. १	म.	४२	कान्छीमाया वलामी	माथिबाट पहिरो खसी
७१	धादिङ्ग	२०७६।०३।२७	गजुरी गा.पा. ४	म.	८	अस्मिता तामाङ	घर भत्किदा
७२	धादिङ्ग	२०७६।०३।२७	बेनिघटरोराङ गा.पा. ३	पु.	४२	राज कुमार ठकुरी	खोलाले वगाएर
७३	पाल्पा	२०७६।०३।२८	तिनाउ गा.पा. ३	पु.	३१	धन बहादुर सुनारी	पहिरोले बगाएर
७४	दाङ्ग	२०७६।०३।२८	वंगलाचुली गा.पा ८	पु.	८	भक्त सिंह बैजाली	बाढीले बगाउादा
७५	दाङ्ग	२०७६।०३।२९	घोरही उ.म.न.पा. ६	पु.	१८.	शिसिर खत्री	पानीमा डुबी
७६	कपिलवस्तु	२०७६।०३।२९	मायादेवी गा.पा.४	पु.	५५	रामबेलास हरिजन	मृत अवस्थमा फेला
७७	डोल्पा	२०७६।०३।२८	मुड्केचुला गा.पा १	पु.	३८	धर्मराज बोहोरा	वाढीले घर बगाउादा
७८	डोल्पा	२०७६।०३।२८	मुड्केचुला गा.पा(१	पु.	४५	चन्द्रा कुमारी सार्की	वाढीले वगाएर

बाढीवाट मोरंग र सुनसरीको उद्योगमा बढी क्षति

विराटनगर। करिब एक सातादेखिको अविरल वर्षाले प्रदेश नंम्बर १ को प्रमुख औद्योगिक कोरिडोर सुनसरी मोरङ औधोगीक करिडोरमा सबैभन्दा बढी क्षती भएको छ। जसका कारण त्यस क्षेत्रका उद्योग धन्दा, कलकारखानाहरु नराम्ररी प्रभावित भएका छन्। बाढीको पानीले उद्योगहरूमा पसेर कच्चा पदार्थ तथा उत्पादित वस्तु बगाउनुको साथै जमेर भिजाउँदा करिब १ अर्ब रुपैयााभन्दा बढीको क्षति भएको उद्योगीहरूले बताएका छन्।

अविरल वर्षापछि विभिन्न खोलाहरुमा आएको बाढीले पूर्वका तीन जिल्ला मोरङ, सुनसरी र झापामा सबैभन्दा बढी क्षति भएको छ। मुलुकको प्रमुख औद्योगिक क्षेत्रमध्येको एक मोरग, सुनसरी औद्योगिक कोरिडर अन्तर्गत विराटनगर, टंकीसिनुवारी, दुहबी, सोनापुर, खनार, इटहरीमा रहेका अधिकांश उद्योगमा बाढीले नोक्सान पुऱ्याएको उद्योग संगठन मोरङले जानकारी गराए।

बाढीले बन्द भएका केही उद्योग सञ्चालनमा आउन थाले पनि धेरै उद्योग सञ्चालनमा आउन नसकेको उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरेले बताए। संगठनले क्षति पुगेका उद्योगको संख्या संकलन तथा क्षति भएको वास्तविक रकमको लगत निकाल्ने काम गरिरहेको उनले जानकारी दिए।

अविरल वर्षापछि करिडोर आसपास रहेका बूढी, गछिया र टेग्रा खोलामा आएको बाढी पसेर उद्योगहरु जलमग्न भएका थिए। विशेष गरी जुट मिल, चिनी, साबुन, चाउचाउ, रङ लगायतका कारखाना र तिनका गोदाममा पसेको पानीले बजारमा पठाउन तयारी अवस्थामा राखिएका उत्पादन तथा कच्चा पदार्थमा क्षती पुर्याएको अध्क्ष घिमिरेले बताए।

बाढीले उक्त क्षेत्रको औद्योगिक संरचनामा कुनै ठूलो क्षति नपुऱ्याए पनि धेरै ठाउँमा सडक बगाएको छ। त्यस्तै बाढीले सडक किनारका नाला नजिक रहेका बिजुलीका पोल बगाउँदा र ढल्दा विद्युत् आपूर्ति नहुादा करिडोर क्षेत्रका उद्योगहरु बन्द भएका थिए।

तपाईंको परिवारको उत्कृष्ट रोजाई
सधैं प्रयोग गर्नुहोस......
FULLY REFINED SUNFLOWER OIL
CELLO
Fully Refined
Sunflower Oil
सेलो
Cello oil for healthy people
Cholesterol Free
BAGMATI
Super Refined
Manufactured by :
BAGMATI OIL INDUSTRIES
Katahari - 8, Morang, Nepal

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरु छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं।

रंगेली नगर पालिकाको कार्यालय
रंगेली मोरंग

अविरल...

त्यस्तै ओखलढुङ्गामा पहिरोको समस्याले प्रभावित भएका थिए। घर पुरिएर ५ जनाको ज्यान समेत गएको थियो।

खोटाङमा पनि पहिरोले पुरिएर तीन जनाको ज्यान गएको छ भने कतिपय बस्तीहरुमा पहिरोको जोखिम देखिएको छ।

त्यस्तै वाढी पहिरोले गार्दा ६ हजार बढी बिस्थापित भएको प्रदेश प्रहरी कार्यालय बिराट नगरले जनाएको छ। यसरी बिस्थापित तथा प्रभाबित हुनेहरुमा अधिकांश बाढी प्रभाबित तथा पहिरोको जोखिममा रहेकाहरु छन्।

प्रदेशमा पहिरो र बाढीबाट बिस्थापितको संख्या ६ हजार नाघेको छ। तर शुरुका दिनहरुमा सुचना लिनको लागि नै समस्या झेलेका प्रहरी प्रशासनलाई अहिले राहत बितरणकमा समस्या देखिएको थियो। बिस्थापितहरु त्रिपालमा जीवन गुजारन वाध्य भएका थिए।

बाढी तथा डुवानका कारण बिस्थापित तथा प्रभावितहरुलाई शुरुका दिनमा खान र बस्नको लागि नै समस्या देखिएको थियो। स्थानीय पालिकाहरुमा अहिलेसम्म पनि कति बिस्थापित भए, उनीहरुलाई राहत बितरण कसरी गर्ने भन्नेमा नै अन्यौलता देखिदै आएको छ। हरेक विपदको बेला देखिने राहत आतंक यो बर्ष पनि दोहोरीएको प्रहरी प्रशासन बताउँछ।

पहिला प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला विपत् ब्यवस्थापन समिति थियो अहिले स्थानीय पालिका हरुले स्थानीय बिपद ब्यवस्थापन समितिलाई सक्रिय बनाउनु पर्नेमा त्यस्तो नदेखिएको स्थानीयहरु वताए। स्थानीय बिपद ब्यवस्थापन कोष भएपनि सक्रिय देखिंदैन। पैसा कसरी खर्च गर्ने भन्ने अन्यौल रहेको थियो।

पालिकाका प्रमुखहरुले २/४ प्याकेट चाउचाउ र चिउराको लागि पनि प्रमुख जिल्ला अधिकारीसँग माग्ने गरेको थियो। तर कतिपय पलिकाहरुले राहतको लागि बाढीपितिलाई खाना खुवाउने, त्रिपाल किन्ने, ग्यास किनेर खाना बनाउने काममा समेत सक्रिय देखाएका थिए। प्राकृतिक प्रकोपलाई राजनीतिको रुपमा लिने गरिएको कारण पनि समन्वयमा समस्या देखिएको थियो।

बाढी-पहिरोमा ज्यान गुमाएका परिवारलाई २ लाख राहत

प्रदेश नंम्बर १ सरकारको मन्त्रीपरिषदको गएको असार २९ गते साँझ बसेको बैठकले बाढी, पहिरो र डुवानबाट ज्यान गुमाएका परिवारलाई दुईलाख दिने निर्णय गरेको छ। प्रदेश भर अविरल बर्षाको कारण गएको पहिरो बाढी र डुबानबाट भएको ठुलो जनधनको क्षति प्रती प्रदेश सरकारले दुख ब्यक्त गर्दै सो निर्णय गरेको थियो।

त्यस्तै प्रदेश सरकारले घाइतेको सरकारी अस्पतालमा उपचारको सम्पुर्ण खर्च बेहोर्ने निर्णय गरिएको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीले जानकारी दिए। घाइतेको निजि अस्पतालमा उपचार गरे बापत बढिमा ५० हजार बिल सरकारले भुक्तानी गर्ने प्रदेश सरकारले निर्णय गरेको थियो।

नोबेलमा...

थालेपछि पुर्वी नेपालका बिरामीहरु बढी लाभान्वित भएका छन्। नोबेलमा ओपन हार्ट सर्जरी गराएकी मोरङ केरावारीकी सिर्जना घिमिरेले आफ्नै जिल्लामा जटिल अप्रेशन गराउँन पाउँदा (बर्षदेखिको पीडाबाट मुक्ती मिलेको भन्दै खुशी व्यक्त गरिन् .

यता, झापा मेचिनगरकी ६४ बर्षीया घाँसीमाया घिमिरेको मुटुको सफल शल्यक्रियापछि उनका भाई तुलसी थापाले पनि धेरै सहज भएको प्रतिक्रिया दिए। ‘पहिले काठमाण्डौ, भारत लगायत टाढा-टाढा जान’पथ्यो, अहिले आफ्नै ठाउँमा यस्तो मेजर अप्रेशन ह’ादा धेरै सजिलो भयो’ उनले भने। नोबेललाई ओपन हार्ट सर्जरीमा गंगालाल अस्पतालले प्राबिधिक सहयोग गर्ने गरेको छ।

२०७२ सालबाट क्याथल्याव सञ्चालन गरी मुटु रोगको स्तरीय उपचार थालेको नोबेलले यसअघि मुटुको चाल गढबढी सम्बन्धि उपचारका लागि मोफसलमै पहिलो पटक ईपी ल्याव सञ्चालन गऱ्यो। मुटु रोगको गुणस्तरीय उपचारका लागि नोबेलले जटिल एन्जियोप्लाष्टिमा प्रयोग हुने अत्याधुनिक थ्रीडी ओसिटी मेसिन नेपालमै पहिलो पटक प्रयोगमा ल्याएको छ।

सुरुदेखिनै मुटुको ईसीजी, टिएमटी, होल्टर, ईको लगायत सेवा प्रदान गर्दै आएको नोबेलले सेवा बिस्तार गर्दै एन्जियोग्राफी, एन्जियोप्लाष्टि, पेसमेकर लगायत सेवा प्रदान गर्दै आएको छ। ओपन हार्ट सर्जरी सुरु भएपछि अव मुटु रोगको सवै किसिमका उपचारमा नोबेल सक्षम भएको अस्पताल सञ्चालक डा. सुनिल शर्माको भनाई छ। न्यूरो र कार्डियो सेवालाई प्राथमिकता दिएको नोबेलले सवै किसिमको उपचारमा अत्याध’निक उपकरण र बिशेषज्ञ डाक्टरको व्यवस्थापन मिलाएर स्तरीय उपचारका क्षेत्रमा फड्को मार्दै गएको छ।

राजनिनीक...

विकासमा इन्जिनियर्स एसोसिएसन कोशेढुङ्गा बन्न सक्ने बताएका छन। अहिलेका युवाहरूले आ□नो योग्यता, दक्षता र सीपलाई मुल्याङ्कन गरि सुशासन कायम गर्न एकजुट हुनुपर्ने उनको भनाई छ। मेयर पराजुलीले सुशासन कायम गर्न अहिलेको सार्वजनिक खरिद ऐन मुख्य बाधक रहेको भन्दै सो प्रति आपत्ति समेत जनाएका छन। उनले कुनै बाटो बन्दाबन्दै भत्किने र गाली जनप्रतिनिधिले खानुपर्ने भएकाले सो ऐन संशोधन हुनुपर्ने मागसहित आपत्ति जनाएका हुन।

त्यस्तै इन्जिनियर्सहरुको महत्वपूर्ण योगदान र जनप्रतिनिधिहरुद्वारा विनियोजित रकम दुवैको आपसी समझदारीमा सहकार्य नगरे जनताको घरघरमा सिंह दरबार पुयाउने सपना कहिल्यै पूरा नहुने प्रतिनिधि सभा सदस्य तथा समाजवादी पार्टी नेपालका नेता जयराम यादवको भनाई छ। उनले ठुला दलहरुले प्रतिनिधित्व गरेको ठाउमा विकास नभई विनाश मात्रै भईरहेको आरोप समेत लगाएका छन।

इन्जिनियर्स एशोसिएसन प्रदेश नं.१ का पुर्व अध्यक्ष र भौतिक पुर्वाधार मन्त्रालयका सचिव मनोज घिमिरेले इन्जिनियरहरुकै कारण विभिन्न राष्ट्रले आर्थिक समृद्धी प्राप्त गर्न सकेकोले नेपालमा पनि इन्जिनियर सशक्तीकरण आवश्यक रहेको बताए। नेपाल इन्जिनियर्स एसोसिएसन का पुर्व केन्दिय अध्यक्ष ध्रुव थापाले भने समृद्ध नेपालको सपना पूरा गर्न एशोसिएसन प्रतिबद्ध रहेको बताएका छन। देशमा राजनितिक स्थिरता र शान्ती कायम गर्न पुर्वाधारको विकास हुनुपर्ने उनको ठहर छ।

त्यस्तै कार्यक्रममा उपस्थित इन्जिनियरहरुले आ(आ□नो कार्यपत्र समेत प्रस्तुत गरेका छन। पहिलो कार्यपत्र प्रस्तुतीको क्रममा इन्जिनियर जगन्नाथ शाहले राज्यलाई स्वच्छ र सफा बनाउन तथा ठोस फोहोरमैलाको व्यवस्थापनमा इन्जिनियर्सहरु पनि लागि परेको बताए। उनले ठोस फोहोरमैलाको व्यवस्थापन हाल कुरा मात्रै भएको र कसैले पनि व्यवहारमा लागू नगरेको बताएका छन। शाहले ७० प्रतिशत भन्दा बढी फोहोर कुहिने भएकाले त्यसलाई कम्पोस्ट मल बनाएर र केही फोहोरलाई पुनस प्रयोगमा ल्याएर समेत फोहोर व्यवस्थापन गर्न सकिने जानकारी गराएका छन।

त्यस्तै दोश्रो कार्यपत्र प्रस्तुतिको क्रममा मनकामना आरएमसीको जेनेरल म्यानेजर राजीव आचार्यले नेपालमा बैशाख १ गतेदेखि आरएमसी प्रविधि भित्रयाएको र यस प्रविधिले मोरङ्ग, सुनसरी र झापालाई सकारात्मक प्रभाव पारेको जनाएका छन।

रेयूकाइद्वारा...

अविरल वर्षाका कारण विराटनगर १२ स्थित बखरीका मुसहर वस्तीका २ सय घरपरिवार पिडित भएका थिए। विराटनगर महानगरपालिका १२ का मसुहर वस्तीमा बाढीले घर भित्र पानी पसेर घर भित्र रहेका सवै सामग्री बगाउँदा करिव २५ लाख वरावरको छती भएको अनुमान गरिएको छ।

पाढीपिडतिहरुलाई नेपाल रेयूकाईका सदस्य पवन उपाध्यय, नागेस यादव श्यामसुन्दर सुतिहार, पदम कुमार सरदार मोनिका थापा, बसुनधारा झा र विराटनगर १२ का वडा अध्यक्ष हिरालाल कामत लगायतले खाद्यायान सामग्री वितरण गर्नु भएको थियो।

मगही अकादमी (गया) बिहार एवं मगही लोक, तूतवाड़ी, गया
द्वारा आयोजित
डा. राम प्रसाद सिंह
स्थापित : 1985

भारतको विहार राज्यको राजधानी पटनामा भएको मगही अकादमी (गया) बिहार मगही लोक तुतवाडी द्धारा आयोजना गरिएको डा. राम प्रसाद सिंह साहित्य सम्मानवाट गोरखापत्रको मगही भाषा पृष्ट संयोजक सम्मानित भएपछि नेपाल र भारतका साथीहरु सामूहिक तस्वीरमा।

नया
रुम पम
तयारी चाउचाउ
न गुणस्तर मा सम्झौता
न तौल मै घटबढ
सधैं झैं रु. १५ मा
७५ ग्राम रमपम

अनुदाना सही सदुपयोग गरौ !

निजी आवाज पुनर्निर्माण लाभग्राहीहरुलाई सुरक्षित घर निर्माणका लागि नेपाल सरकारले रु. तीनलाख अनुदान र निशुल्क प्राविधीक सहायता उपलब्ध गराईएको छ। यसको सदुपयोग गरी सुरक्षित घर निर्माण गरौं। राम्रो र बलियो आवधारणामा पुनर्निर्माण सुनिश्चित गरौं।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नगरवासीमा अनुरोध

– मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
– उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
– छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
– अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
– छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरु छाडा नछाडौं।
– सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
– बसोबास स्थल, टोलमा व्यवसायीकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
– सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
– बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
– बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
– सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं।
– आफ्नो घर वरपर बिरुवा रोपौं, हरित गाउँ नगरीको रुपमा विकास गरौ
– उपभोक्ता आचारसंहिताको पालना गरौं।

सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार
९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com